# 'मुस्कान' गजल सङ्ग्रहभित्रका गजलमा पाइने भावगत प्राप्ति र उपलब्धि

घनश्याम दाहाल, विद्यावारिधि[1]

**सार**

गजल नेपाली साहित्यको प्राविधिक एवं जटिल संरचना भएको विधा हो । मुस्कान गजल सङ्ग्रह गोर्खे साइँलाको उत्कृष्ट विचार र भावलाई पोखेको गजल हो । मुस्कान गजल सङ्ग्रहभित्रका गजलमा पाइने भावगत सौन्दर्यलाई उजागर गरेर भावगत प्राप्तिलाई मुख्य अभीष्ट बनाइएको छ । समस्या कथन र उद्देश्य निर्धारणमा निर्धारित मुख्य विषयलाई गन्तव्यमा पुऱ्याउने महत्त्वपूर्ण कार्य भएको छ । विशेषतः द्वितीयक स्रोतका सामग्री र पुस्तकालयका कार्यलाई बढी प्राथमिकता दिइएको छ । वर्णनात्मक र विश्लेषणात्मक मुख्य विधिलाई अनुसरण गरी प्रस्तुत लेखलाई सार्थक बनाउने प्रयास भएको छ । गोर्खेका गजलमा भावको परिपाक सहज रूपमा नै मुखरित भएको छ । नारीपुरुषका बीचको स्वभावको आकर्षण शृङ्गारिक भावका रूपमा अभिव्यक्त भएको छ । देशको उन्नति, प्रगति र विकासका देशभक्तिपूर्ण भावले पनि गजललाई सार्थक बनाएको छ । समाजमा विद्यमान विकृति र विसङ्गतिले थिचिएको मान्छेको अस्तव्यस्ततापृति गरेको छेड व्यङ्ग्यभावका रूपमा प्रष्ट भएको छ । दुःख र सुखको महासागर जीवन हो । जीवन सञ्चालनमा हरेक आरोह र अवरोहलाई आत्मसात् गर्नैपर्छ । जीवनका हरेक वास्तविक पक्षलाई उतारेर जीवन भोगाइका तीता मीठा अनुभवलाई पोख्दै जीवन भोगाइका भावलाई पनि यसमा उजागर गर्ने महत्त्वपूर्ण प्रयास गरिएको छ । काव्यको आभूषणका रूपमा सौन्दर्य वृद्धि गर्ने आलङ्कारिक भावले पनि यसको प्रभावकारितालाई अर्थपूर्ण र औचित्यपूर्ण बनाएको छ । अलङ्कारमा देखिने भावले पनि गजलको सौन्दर्य र चमकलाई उत्कर्षमा पुऱ्याएको परिस्थिति देखिन्छ । यसले भावहरूको प्राप्ति र उपलब्धिलाई आत्मसात् गरेको पाइन्छ । खासगरी मुस्कान गजल सङ्ग्रहभित्रका गजलको भावगत सौन्दर्य र भावगत प्राप्तिलाई देखाउनु नै यसको मुख्य लक्ष्य, योजना र अभीष्ट रहेको कुरा नै यसको मुख्य सार हो ।

***शब्दकुञ्जी*** : जहर, गूढार्थ, शून्यता, बहर, दिवाना ।

## १. विषय परिचय

नेपाली मनमुटुमा प्रभाव र छाप छोड्न सफल पछिल्लो सशक्त र प्रभावकारी विधा गजल हो । यो अरबी भाषामा जन्मिएर फारसी र उर्दूमा लोकप्रियता हासिल गर्दै हिन्दी, नेपाली भाषामा पनि चर्चित बन्न पुगेको विधा हो । यसले कविताको मझौला तथा बृहत् रूप बन्ने सामर्थ्य भने प्रकट गर्दैन (बराल, ०६४, पृ. ८) । मूलत : सङ्क्षिप्तता, नवीनता, प्रभाव वा असरजस्ता तत्त्वहरूको समष्टिगत संयोजनबाट गजलको शैलीले मूर्त आकार ग्रहण गर्दछ (उदासी, ०५९, पृ. ९) । यो कविताको एउटा उपविधाजस्तो नभएर स्वतन्त्र अस्तित्व राख्ने फरक विधाजस्तो बनेर देखा परेको छ (नेपाल, ०६२, पृ. १०७) । वस्तुतः थोरै शब्दमा मनका कुरा व्यक्त गर्ने कला गजल हो (न्यौपाने, ०६४, पृ.११) । समग्रमा प्रेमका विषयमा शृङ्गार रसका कविता लेखिने एक प्रकारको फारसी छन्द वा त्यसै छन्दमा लेखिएको कविता नै गजल हो । साहित्यको एउटा छुट्टै विधा हुनु, संरचनाका दृष्टिले प्राविधिक विधा बन्नु, भाव र संरचनालाई मितव्ययी ढङ्गले प्रस्तुत गर्नु, गेयात्मक र लयात्मकतालाई मुख्य प्राण ठान्नु यसका महत्त्वपूर्ण प्राप्ति हुन् । गजलकार 'गोर्खे साइँलो' उपनामले सुपरिचित

[1] सहप्राध्यापक, पिण्डेश्वर विद्यापीठ, धरान, नेपाल संस्कृत विश्वविद्यालय ।

ऋषिप्रसाद लामिछानेको वि.सं. २०६२ सालमा प्रकाशित उत्कृष्ट गजल सङ्ग्रहको नाम मुस्कान गजल सङ्ग्रह हो । यस गजल सङ्ग्रहभित्रका गजलमा भावको परिपाक रहेको पाइन्छ । गजलका प्रत्येक हरफहरू भावमय बनेका छन् । भावको गहिराइमा चुर्लुम्म डुबेकाले पाठकलाई यसले आकर्षण गर्नु अस्वाभाविक मानिदैन । प्राज्ञिक पाठकको बौद्धिक जिज्ञासा समाधान गर्न सक्नु यसको विशिष्ट प्राप्ति र उपलब्धि पनि हो । गजलले गर्ने आफ्नो धर्म सौन्दर्य वृद्धि नै हो । पाठक वा दर्शकको मन मुटुलाई भित्री हृदयमै पुगेर छुनु यसको मुख्य प्राप्ति र उपलब्धि हो । यसमा गोर्खे गजलको पारखीका रूपमा उदाएका छन् । भव्य फूलहरूलाई ढकमक्क फुलाउने ठूलो प्रयत्न यसले गरेको छ । कलाप्रेमीलाई सुन्दर कलाको कुशल मोहनीले लठ्ठ पारेको छ । विविध विषय र प्रसङ्गका कुराले पाठकको मनलाई उत्सुक बनाई गजलको वास्तविक स्वाद् स्वाद चखाएको छ । समाजमा देखिने माया र प्रेमको जालोलाई सहज रूपमा उठाएको छ । यसले गजलको चामत्कारिक विशेषतालाई पनि उजागर गरेको बुझिन्छ । समाजमा स्वार्थी प्रवृत्ति हाबी बनेको वर्तमान परिप्रेक्ष्यमा देशभक्तितर्फ उन्मुख गराउने सोचलाई यसमा अभिव्यक्त गरिएको छ । देश हाम्रो मुख्य आधार हो । देश रहेमा मात्र हामी पनि रहने भएकाले देशको गौरव र प्रतिष्ठासँग हाम्रो पनि अस्तित्व जोडिएको कुरा देशभक्तिको विशिष्ट भाव हो । मानव अस्तव्यस्त जीवनले थला परेको हुन्छ । जीवनका हरेक भोगाइहरूलाई उसले लाचार बनेर व्यतित गर्नुपर्ने बाध्यात्मक परिस्थिति रहन्छ । जीवनमा बाध्यात्मक परिस्थितिलाई सहज र प्रभावकारी ढङ्गले आफ्ना गजलमा उतार्नु गोर्खेको विशिष्ट पहिचान मानिन्छ । हरेक भावलाई सूक्ष्म गहिराइमा पुगेर विश्लेषण गर्नु र हरेक मनमुटुलाई सहज रूपमा छुन सक्ने परिस्थिति देखिनु गोर्खेको महानता हो (नेपाल, ०६६, पृ.२९) । गोर्खे नेपाली धर्तीको सुन्दर प्रकृतिमा रमाएका छन् । नेपाली समाजको हराभरा संस्कृतिमा रम्न चाहेका छन् । आफ्नो देशलाई समृद्ध पार्न लागेका छन् । असल अनुशासन र नियमलाई रोजेका छन् । उनको मुस्कानको सुन्दर छविले सबैलाई लोभ्याउने काम गरेको छ । असल सोच, कुशल विचार र सूक्ष्म भावलाई यसले आत्मसात् गरेको छ । नियत स्वच्छ र असल भएमा मान्छे निर्भीक बन्दछ । खराब नियतले मान्छेलाई त्रासपूर्ण बनाउने विचार पनि गजलको मुख्य अभीष्ट मानिन्छ । मानवीय जीवनभित्रका हरेक घेराबन्दीलाई गजलका हरफहरूले पोख्दै जाँदा कतिपय अवस्थामा मान्छेलाई भावुक बन्नसमेत बाध्य पारेको छ । गजलका भावले पाठकको मुटुलाई फुर्र बनाउने कार्य पनि यसबाट भएको छ । यो महत्त्वपूर्ण उपलब्धि र गोर्खेप्रतिको सम्मान पनि हो । गजल विधा आफैँमा सुन्दर विधा मानिन्छ । त्यसमा पनि कुशल कालीगढीको कुशलताले अझ सुनमा सुगन्ध थप्ने महत्त्वपूर्ण काम गरेको छ । गोर्खे आफ्नो मुस्कानमा रमाउँदै यत्रतत्र सर्वत्र घुमिरहेको छ । मानवीय गतिविधिमा सबैलाई सचेत पनि पारेको अवस्था छ । विविध सन्दर्भ, विषय र प्रसङ्गमा उडेर विचारमय कल्पनामा गोर्खे रमाइरहेको देखिन्छ । गजलमा शान्तिको चाहना, युद्ध र आतङ्कले जनतालाई पारेको प्रत्यक्ष प्रभाव र त्यसबाट मुक्त पार्ने सन्देशमूलक विचार पनि यस लेखको भावविधानको मुख्य प्राप्ति हो (पाण्डेय, ०६३ पृ. ८०) । नारीले भोग्नुपरेको जटिल समस्या, राजनैतिक विसङ्गतिले जनता डराएको विचार र अनुभवलाई पनि यसमा पोख्न खोजिएको छ । थोरैमा धेरै भाव र विचारलाई पोख्न सक्नु गोर्खेको महत्त्वपूर्ण उपलब्धि र प्राप्ति पनि हो । विभिन्न बिम्ब, प्रतीक र सङ्केतले पनि गजलको भावविधानलाई सकारात्मक गति प्रदान गरेको छ । त्यसैले यस गजल सङ्ग्रहका गजलमा भावको सूक्ष्म प्राप्तिलाई नै मुख्य विषय बनाइएको छ । मुख्यतया भावलाई नै केन्द्रविन्दु बनाएर गजलको अध्ययन यसको मुख्य अभीष्ट मानिन्छ ।

## २. समस्या कथन

अनुसन्धानका लागि छनोट गरिको विषय अनुसन्धेय विषय हो । यसलाई नै समस्याको रूपमा प्रस्तुत गरिन्छ । समस्या भन्नाले शीर्षकको विषयवस्तु भन्ने बुझ्नुपर्छ (बन्धु, २०६५, पृ. १७) । चयन गरिएको शीर्षकअन्तर्गत मुख्यमुख्य समस्या वा प्रश्नहरू र तिनका सम्भावित समाधान वा उत्तरहरू नै समस्या कथन हो

(शर्मा र लुइँटेल, २०५५, पृ. २५) । यो शीर्षकको प्रमुख अङ्ग हो र सम्पूर्ण लेखनकार्य समस्यामै केन्द्रित भई त्यसैको समाधानतिर लक्षित हुन्छ ( भण्डारी र अन्य, ०७५, पृ. ९१) । शीर्षकको समस्याको प्रामाणिक प्राज्ञिक समाधान प्राप्त गर्नु उद्देश्य निर्धारण हो । शीर्षकमा देखाइएको समस्याको समाधानतर्फ केन्द्रित भई स्पष्ट उद्देश्य निर्धारण यसको महत्त्वपूर्ण कार्य हो ।

गोर्खे साइँलाको भाव प्रधान गजल सङ्ग्रह मुस्कान उनको महत्त्वपूर्ण रचना हो । यसले गजल साहित्यमा सकारात्मक प्रभाव पारेको छ । यस लेखका शीर्षकका सन्दर्भमा निम्न समस्या र उद्देश्य रहेको देखिन्छ । यसै समस्यामा केन्द्रित रही लेखले मूर्त स्वरूपलाई आत्मसात् गरेको छ ।

क) भावको अर्थ र तात्पर्य के हो ?

ख) मुस्कान गजल सङ्ग्रहभित्रका गजलमा भावविधान कस्तो छ ?

ग) भावगत उपलब्धि र प्राप्ति के हो ?

## ३. उद्देश्य निर्धारण

समस्या कथनमा उल्लेख गरिएका समस्याको सही समाधान र निराकरण नै उद्देश्य निर्धारण हो । उद्देश्य कुनै पनि लेख र अनुसन्धानको सूक्ष्म पक्ष हो । समस्या र उद्देश्यको तारतम्यबाट नै अनुसन्धानले गति लिने पक्का हो । यस लेखमा गजलमा प्रस्तुत भएका विचारलाई भावप्रधान बनाएर समीक्षा गरिएको छ । मुस्कानमा मुख्य रूपमा भावको औचित्य खोजिएको छ (रिसाल, ०५८, पृ. १४५) । यस सङ्ग्रहमा विविध कोणबाट गजललाई विचारप्रधान, भावप्रधान र सन्देशप्रधान बनाउने प्रयत्न छ । समस्याकथनमा तीन प्रश्न छन् । ती प्रश्नको समाधान खोज्ने कार्यमा प्रस्तुत रहेर यसले मूर्त स्वरूपलाई ग्रहण गर्ने देखिन्छ । गजल सङ्ग्रहमा व्यक्त भावहरूको व्यापक खोजीपछि भावले पारेको प्रभावलाई पनि लेखाजोखा गर्ने प्रयत्न यसमा भएको छ । समस्याका प्रश्न र समाधानका उत्तर खोज्नुपर्ने कार्य यसको मुख्य विषय र सन्दर्भ ठानिएको छ । यसमा प्रेमिका र वासनाको गहिरो सम्बन्ध रहेको भाव, देशको सुन्दर मुहार बनाउने सपना, हत्याहिंसाको गलत र नकारात्मक रहेको सन्देश, जीवनको वास्तविक मर्म र व्याख्यालाई पोखेको छ । भाषाका नियमको पनि उल्लङ्घन गरेर गजलले सशक्त भावको गहिराइलाई भर्ने प्रयास गरेको देखिन्छ । यसका उद्देश्यलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

क) भावको अर्थ र तात्पर्य खुलाउनु,

ख) मुस्कान गजल सङ्ग्रहभित्रका गजलमा भावविधानलाई प्रष्ट पार्नु,

ग) भावगत उपलब्धि र प्राप्ति देखाउनु ।

त्यसैले समस्या र उद्देश्यलाई एकैसाथ प्रस्तुत गरेर समाधानमुखी चिन्तनलाई आत्मसात् गर्नु नै यसको उद्देश्य रहेको बुझिन्छ ।

## ४. अनुसन्धान विधि

अनुसन्धेय विषयको सूक्ष्म विवेचना अनुसन्धान हो । यो आफैले गर्ने आभ्यासिक पक्ष पनि हो । गोर्खेको मुस्कान गजल सङ्ग्रहले विधि, विषय र प्रसङ्गलाई छोएको छ । यसमा भावका अनगिन्ती धाराहरू प्रवाहित बनेका छन् । मान्छेको दुःख, कष्ट र व्याख्या बोलेको छ । हत्या र आतङ्कले त्रसित जनमानसको मार्मिक भाव पनि यसमा प्रतिबिम्बित छ । माया र प्रेमको दोहोरी यसको प्रतिपाद्य विषय हो । यसमा प्रयुक्त सामग्री सङ्कलनको काम द्वितीयक स्रोतबाट गरिएको छ । पुस्तकालयमा राखिएको पुस्तक, पत्रपत्रिका एवं

अनुसन्धानमूलक लेखरचना र अनुसन्धान प्रतिवेदनलाई मुख्य कार्यक्षेत्र बनाइएको छ । खास गरेर यसमा पुस्तकालयीय स्रोतलाई नै अनुसरण गरिएको छ । समस्या र उद्देश्य निर्धारणलाई सही गन्तव्यमा पुऱ्याउनका लागि भावलाई मुख्य प्रसङ्गको रूपमा रोजेको छ । गजलमा भएका भावहरूको खोजी कार्य द्वितीयक स्रोतका सामग्रीबाट नै भएको छ । अनुसन्धान विधिकै अनुशासनमा रहेर यसमा उद्देश्यको सूक्ष्म विश्लेषणको महत्त्वपूर्ण काम गरिएको छ । पूर्वकार्यको खोजी र व्याख्याले पनि यसको गहन पक्षभित्र पस्ने अवसर प्राप्त भएको बुझिन्छ । वर्णनात्मक र विश्लेषणात्मक विधि पनि यसको अर्को सैद्धान्तिक मान्यता र पहिचान हो । सामग्री सङ्कलन, सङ्कलित सामग्रीको सत्यापान र मुस्कान गजल सङ्ग्रहभित्र पसेर भावहरूलाई पस्कनका लागि आवश्यक विधि र नियमलाई आत्मसात् गरिएको छ । द्वितीयक स्रोत पुस्तकालयीय कार्य र विश्लेषणत्मक शैली यसको अनुसन्धान विधि र सिद्धान्त हो ।

## ५. पूर्वकार्यको समीक्षा

नयाँ विषयको गहन अध्ययन अनुसन्धान हो । यसमा पूर्वकार्यको भूमिका महत्त्वपूर्ण देखिन्छ । अनुसन्धानकर्ताले अनुसन्धान गर्ने विषय र शीर्षकमा आफूपूर्व के कस्ता कार्य भएका छन् त्यसको समीक्षात्मक विश्लेषण नै पूर्वकार्यको समीक्षा हो (पन्थी, ०५९ पृ. ५०) । अनुसन्धातालाई ठीक बाटोतर्फ उन्मुख गराउने उद्देश्यका लागि यसको पहिचान उल्लेखनीय मानिन्छ । मुस्कान गजल सङ्ग्रहभित्रका गजलमा पाइने भावगत प्राप्ति र उपलब्धि शीर्षकका बारेमा सामान्य अध्ययन र विवेचना भए पनि ठोस रूपमा यसको भावगत पक्षलाई मात्र आधार मानेर अध्ययन नभएकाले पनि यसले मौलिकपनलाई आत्मसात् गरेको छ । भावको अर्थ र महत्त्वलाई स्पष्ट पारेर विभिन्न भावलाई उजागर गर्नु यसको मुख्य उद्देश्य हो । मुस्कान गजल सङ्ग्रह र यसका भावका विषयमा अभिव्यक्त पूर्ववर्ती विद्वान्हरूको धारणालाई यहाँ समेट्ने प्रयास गरिएको छ ।

सर्वप्रथम गजल साहित्यका मर्मज्ञ टीकाराम उदासी (२०५९, पृ.४०) ले आफ्नो कृति 'गजल सिद्धान्त र नेपाली गजलको इतिहास' मा गोर्खेको मुस्कानका बारेमा आफ्नो विचार राखेका छन् । उनले गोर्खेको मुस्कानमा भावहरूको परिपाक रहेको र गजलका हरफहरू पनि भावमय भएको विषयलाई सहज रूपमा प्रकट गरेका छन् । वस्तुतः यस भनाइबाट गोर्खेको मुस्कानभित्रको भावविधानको पक्ष सबल र प्रभावकारी बनेर प्रस्तुत भएको बुझिन्छ ।

नेपाली गजल साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिने देवी पन्थी (२०५९, पृ. ५९) को 'गजल सिद्धान्त र समलोचना' मा मुस्कान गजल सङ्ग्रहका गजललाई भाववाहीको संज्ञा दिएको पाइन्छ । उनले भावलाई स्पष्ट रूपमा व्यक्त गर्न सक्ने खुबी भएका महत्त्वपूर्ण गजलकारका श्रेणीमा गोर्खेलाई उभ्याएका छन् । यसलाई उनको सकारात्मक व्याख्या वा मूल्याङ्कन हो भन्न सकिन्छ ।

गजलकार र गोर्खे (२०६२। पृ.ग) को गजल सङ्ग्रह 'मुस्कान' को लेखकीय मन्तव्य भागमा गोर्खेले मुस्कानलाई गजलको स्वरूप दिन चाहेको र जिज्ञासु पाठकले त्यसको प्रतिक्रिया दिने कुरा उल्लेख गरेका छन् । यसबाट गजलको स्वरूपको मुख्य पक्ष भाव भएको कुरालाई सहज रूपमा अनुमान गर्न सकिन्छ ।

केशवराज आमोदी (२०६३, पृ. ७०) को 'नवमाधुरी' मा गोर्खेको मुस्कान र बहर चर्चा नामक समीक्षात्मक लेखमा गजलको स्वरूप विधानले मोतीराम भट्टकै शृङ्गारमय भावविधानको शैलीलाई समसामयिक यथार्थको प्रत्यङ्कन गरेको विचार व्यक्त गरेको देखिन्छ । गोर्खेको गजलको भावको गहिराइको चर्चा यसको महत्त्वपूर्ण प्राप्ति हो ।

थानेश्वर पाण्डेय (२०६३, पृ.४७) को 'कुञ्जिनी' को 'गजल संरचना र विश्लेषण शीर्षकको लेखमा आफ्नो लेखमार्फत् गजलको स्वरूप विश्लेषण गर्दै स्वरूप विधानका दृष्टिले गोर्खेको मुस्कान पनि महत्त्वपूर्ण रहेको विचार राखेका छन् ।

घनश्याम न्यौपाने परिश्रमी (२०६४, पृ.१०) को 'गजल परिचय र नेपाली गजल विकासक्रमको संक्षिप्त अभिलेख' नामक कार्यपत्रको 'मुस्कान गजल सङ्ग्रहको पाण्डुलिपिको पर्दामा मुस्कान हेरेर आनन्दित हुन खोज्दा' शीर्षकको लेखमा गोर्खे गजलको महासागरमा पौडी खेल्दै, बिस्तारै डुबुल्की मार्दै गहिराइतर्फ लागेको विचार राखेका छन् । उनले उक्त लेखनमा गोर्खेको सिर्जन कला क्रमशः विकासको सिंढीमा पुगेको भनाइलाई पनि राखेका छन् । यसबाट 'मुस्कानको काव्यिक मर्म, भावविधान एवं कुशल कालिगढी लाई स्पष्टसँग साक्षात्कार गर्न सकिन्छ ।

गजलका सशक्त व्यक्तित्व डा.कृष्णहरि बराल (२०६४, पृ.४६) ले 'गजल सिद्धान्त र परम्परा' नामक आफ्नो कृतिमा गोर्खेको मुस्कानमा भावको परिपाक रहेको कुरा उल्लेख गरेका छन् । उनले गोर्खेको गजलमा, प्रेमभाव, शान्तिको चाहना, देशमा चलेको युद्ध र यसबाट हुने सम्भावित परिणाम, बिग्रिएको राजनैतिक अवस्था तथा नारी समस्या, एवं मानवताजस्ता कथ्य विषयलाई सहज रूपमा प्रस्तुत गरेका छन् । यसबाट गोर्खेको मुस्कानको भावविधान स्पष्ट रूपमा झल्किएको बुझिन्छ ।

टिकाराम नेपाल (२०६६, पृ.७२) ले 'मुस्कान गजल सङ्ग्रहको  कृतिपरक अध्ययन' नामक शोधपत्रमा मुस्कान गजल सङ्ग्रहभित्र शृंगारिक भावधाराका गजलहरुको संख्या अधिक रहेको र राष्ट्रियता, व्यङ्ग्यात्मकता र जीवन सम्बन्धी भाव पनि रहेको कुरा बताएका छन् । यसबाट मुस्कानभित्रको भावमय योजना छताछुल्ल भएर पोखिएको देखिन्छ ।

टिकाराम नेपाल (२०६६, पृ.२०) कै 'अनेरास्ववियू समाचार' मा नेपाली गजल गोर्खेको मुस्कान शीर्षकको आफ्नो लेखमा मुस्कानका सम्पूर्ण पक्षहरूको विवेचना गरेका छन् ।  उनले उक्त लेखमा गोर्खेको गजलकारिता अब्बल रहेको र त्यसभित्रका हरफमा मनोभाव स्वतःस्फूर्त रूपमा बाह्य प्रकटीकरण हुने गरेको सन्दर्भको चर्चा गरेका छन् ।

आधुनिक युगका सिद्धहस्त गजलकार देवी नेपाल र अन्य (२०६६, पृ. ३५) ले सम्पादन गरेको 'गजल कसरी लेख्ने ?' नामक सामग्रीमा गजलको महत्त्वलाई र यसको संरचनाको स्वरूपलाई व्याख्या गरेर संरचनागत स्वरूपका दृष्टिले गोर्खेका गजल पनि सबल रहेको कुरालाई स्पष्ट पार्न खोजेका छन् ।  उनले गजलको आन्तरिक विधान वा प्राविधिक पक्षलाई पनि  सकारात्मक मानेको देखिन्छ ।

यसरी गजलकार गोर्खे र उनको मुस्कान गजलसङ्ग्रह अझ त्यसभित्रको पनि भावविधानका सन्दर्भमा केही चर्चा परिचर्चा हुँदै आएको पाइन्छ । यस शीर्षकभित्रको भावका विषयमा जति चर्चा हुनुपर्थ्यो सम्भवतः त्यति भएको पाइँदैन । कृष्णहरि बराल, टीकाराम उदासी, देवी पन्थी र टीकाराम नेपालको लेख र कृतिले भावको विषयमा स्पष्ट सङ्केत गरे पनि अन्यत्र त्यति सशक्त देखिदैन । अत : प्रस्तुत लेखमा 'मुस्कान' मा अभिव्यक्त मुख्य भावविधानलाई स्पष्ट पार्ने काम गरिएको छ । भावगत प्राप्ति र उपलब्धिलाई देखाउने महत्त्वपूर्ण काम गरिएको छ । यसबाट गजलप्रेमी र प्राज्ञिक पाठक लाभान्वित हुने नै छन् ।

## ६. भावको अर्थ र तात्पर्य

हृदयलाई प्रभाव पार्ने काव्यतत्व, हार्दिकता, तरल अनुभूति भाव हो (न्यौपाने, ०६४, पृ.२५) । यसलाई गजलको प्रमुख तत्त्व भनिन्छ । अस्तित्व, सत्ता वा हुनुलाई भाव मानिन्छ । काव्य, साहित्यभित्र भाव भर्न सकिएन भने त्यसको अर्थ र महत्त्व रहँदैन । भावको सम्बन्ध भित्री अनुभूतिसँगै हुन्छ । मान्छेका अन्तरहृदयमा

प्रेम, उत्साह, क्रोध, घृणा, हास्य, शृङ्गारजस्ता भाव रहेका हुन्छन् । जीवन भोगाइलाई प्राप्त गर्ने यस्ता मानवीय संवेदनालाई गजलले पक्रेकै हुनुपर्दछ । भित्री मनको मनोभाव र कल्पनाले गजलको भाव निर्माण गरेको पाइन्छ । भाव आन्तरिक व्यवस्था भएकाले यसको प्रटकीकरण स्थायी वा अस्थायी हुनसक्छ । हरेक मान्छेमा थोरधेर भाव हुन्छ नै । भाव स्वतःस्फुर्त रूपमा बाहय प्रकटीकरण हुन्छ । भावको प्रयोगबिना गजल घतलाग्दो र हृदयस्पर्शी हुँदैन (बराल, ०६४, पृ. ५९) । काव्य साहित्यको मूलमर्म र सन्देश भाव हो । केन्द्रीय विचार र कथ्य पनि भाव हो । भावविनाको रचना सुगन्धविनाको फूलजस्तै अलोकप्रिय र असुन्दर बन्न सक्दछ । गजलमा शृङ्गारिक भाव, राष्ट्रियताको भाव, व्यङ्ग्यात्मक भाव, जीवन भोगाइ सम्बन्धी भावहरू महत्त्वपूर्ण भावका रूपमा आई गजललाई सार्थक र प्रभावकारी पारेको देखिन्छ (नेपाल ०६६, पृ.७२) । मानव हृदयमा स्वतःस्फुर्त रूपमा प्रकट हुने र गजललाई मर्मस्पर्शी, हृदयस्पर्शी एवं घतलाग्दो पार्ने साधन नै भाव हो ।

## ७. 'मुस्कान' गजल सङ्ग्रहभित्रका गजलमा भावविधान

गोर्खे साइँलोको भावप्रधान गजल सङ्ग्रह मुस्कान (२०६२) हो । भाव हृदयको भित्री रङ हो । भित्री हृदयबाट स्वतःस्फुर्त रूपमा प्रकट हुनु यसको मुख्य उपलब्धि पनि हो । प्रस्तुत गजल सङ्ग्रहभित्र भावको प्राचूर्य प्रयोग पाइन्छ । भावले गजललाई सार्थक र औचित्यपूर्ण बनाएको छ । गजलमा प्रत्येक पद र पदावलीमा भावको रन्को पाइन्छ । विभिन्न आलङ्कारिक चमत्कारले पनि भाव तत्त्वलाई नै प्रकटीकरण गरेको छ । यसमा भाव तत्त्वले फुल्ने, फल्ने र विकसित हुने सम्भावनालाई सहज रूपमा बोकेको छ । प्रस्तुत गजलमा लय, शेर, मिसरा, तखल्लुस, मकता, रफिद, काफिया आदिको संरचनागत स्वरूपले पनि भावको गतिलाई सहज र प्रभावकारी रूपमा पछ्याएको देखिन्छ । प्रत्येक पदपदावलीलाई अर्थपूर्ण बनाउँदै भावले विशिष्टतालाई आत्मसात गरेको छ । यस गजल सङ्ग्रहभित्र शृङ्गारिक भाव, देशभक्ति भाव, सामाजिक विकृतिप्रति व्यङ्ग्यभाव, जीवन भोगाइका मुख्यमुख्य भाव र आलङ्कारिक भावलाई मुख्यतया विश्लेषण गर्ने महत्त्वपूर्ण काम सम्पन्न गरेको छ ।

### ७.१ शृङ्गारिक भाव

नवरस मध्येको बहुचर्चित एंव सर्वमान्य रस शृङ्गार हो । गजल कवितामा यसको सूक्ष्म प्रभाव पाइन्छ । सहृदयको आत्मामा संस्कारविशेषका रूपमा रहेको स्थायी भावलाई र सहानुभूतिको अवस्थासम्म पुऱ्याएर अलौकिक आनन्द प्रदान गर्ने कार्य शृङ्गारको विशिष्ट अवस्था र प्राप्ति हो (थापा, ०४७, पृ. ५०) । नारी र पुरुषका बीचको सहज र स्वाभाविक आकर्षण रति हो । रति र विभावादिको संयोगबाट परिपक्व अवस्थामा पुगेपछि शृङ्गार भावको अनुभव गरिन्छ । नायकनायिका एकअर्कामा विलासीको अवस्थामा रहेर प्रेमपूर्ण हेराइ, वार्ता, स्पर्श, आलिङ्गन गर्दै रमाएको उत्तेजनामूलक कामेच्छाको भाव संभोग श्रृङ्गारको अवस्था हो । नायक नायिकाका बीचको विछोडजन्य अवस्था वा प्रेमको वर्णन वियोग शृङ्गार हो । नायक नायिकाका बीच कुनै कारणबाट प्रेमसम्बन्ध सफल नहुनु, प्रेमसम्बन्ध भएर पनि बीचमै टुट्नु, मिलनको आशामा छटपटिनु, मुर्मुरिनुजस्ता मानसिक भावको वर्णन नै यसको मुख्य प्रतिपाद्य सन्दर्भ हो (अधिकारी, ०५६, पृ. ३६) । गोर्खे साइँलाको मुस्कान गजल सङ्ग्रहभित्रका गजलको पहिलो मुख्य विषय शृङ्गारिक भाव रहेको छ । नायक नायिकाका बीचमा प्रेमपूर्वकको कार्यकलापको यसमा वर्णन भएको पाइन्छ । गजलकार आफू शृङ्गारिक धाराकै भएकाले पनि यसमा शृङ्गारिकताको महत्त्वपूर्ण पक्ष मुखरित भएको पाइन्छ । गजल विधाले स्वाभाविक रूपमा नै एउटा सिङ्गो जीवनमा यौवनकाललाई सबैभन्दा बढी महत्त्व दिने गर्दछ । यसले प्रेमप्रसङ्गका संयोग र वियोगजन्य अवस्थालाई चित्रण गर्नु आफ्नो निजत्व पनि ठानेको हुन्छ । मुस्कान गजलसङ्ग्रहभित्र पनि गोर्खे

शृङ्गारमा निक्कै मजाले डुबेको अवस्था देखिन्छ । शृङ्गारिक भाव व्यक्त गर्ने गजलका केही महत्त्वपूर्ण पक्षलाई क्रमिक रूपमा देखाइन्छ ।

**(क) विहारमा तिमीसितै रमाउने छु साथमा**

**उडी उडी हावा सरी समाउने छु साथमा ।**

**बनाउ है ! हराभरा उजाडिएछ जिन्दगी**

**रसाइद्यौ न मूल झै बसाउने छु साथमा ॥ ६६ ॥**

यसमा शृङ्गारिक भाव व्यक्त भएको छ । गोर्खे प्रेमिकाका साथ विहारका लागि हावासँगै अनिश्चित गन्तव्यमा उड्न चाहेको विचार प्रकट भएको छ । यहाँ प्रेमिकाविनाको जीवन साच्चै उजाड हुने धारणा राख्दै आफ्नो भनिएकी प्रेमिकालाई मूल बनेर रसाउनका लागि प्रेमीले आग्रह गरेको शृङ्गारिक भाव व्यक्त भएको छ ।

**(ख) माधुरीको साथ पाए पुग्छ मेरो कामना**

**चाहनाले माथ पाए पुग्छ मेरो कामना**

**खोजी गर्दै हिँड्नु पर्ने प्रेम प्यासी चाहँदै**

**सुन्दरीको हात पाए पुग्छ मेरो कामना ॥ ६५ ॥**

यसमा गजलकारले माधुरीलाई नै सबैथोक ठानेको छ । चाहनाको सबै माथ पनि प्रेमिकालाई नै ठानेको छ । आफूले प्रेमिकाको प्रेम पाए पुग्ने विचार प्रकट गर्दै सुन्दरी प्रेमिकाको सुन्दर हात समाउन पाए त जिन्दगी नै सफल बन्न सक्ने राग व्यक्त भएकाले पनि शृङ्गारभाव प्रकट भएको देखिन्छ ।

**(ग) दर्पनीमा के छ है त्यो खोकीलामा देखिएला**

**चुम्न आजै सामु आए दर्द मेरो मेटिएला**

**चञ्चले हौ यो दिलकी लौ नजाऊ साथ छोडी**

**बात मेरो हुन्न मीठो खोज राम्रो भेटिएमा ॥ ६० ॥**

यसमा आँखा ज्यादै तीखा भएकाले दर्पनी र खोकिलामा आँखा पुगेको र गजलकारलाई प्रेममा स्पर्श गर्न ज्यादै आतुरी भएको विचार व्यक्त भएको छ । अझ चुम्बन गर्न पाए त संसारका सबै पीडाबाट पूर्ण रूपमा मुक्त हुने भएकाले प्रेमीले प्रेमिकालाई उम्कन नदिने जतिसुकै चञ्चले भए पनि दिलमा नै लुटपुटाएर राख्न समेत चाहेको विचार प्रकट भएको देखिन्छ ।

**(घ) लगायौँ मिलाइ जवानी जिम्मा**

**पियारो बनायौ जुटाएर लाज ।**

**कि गोर्खे हँसायौँ नचाएर दृश्य**

**पछाडी हटायौ टटाएर लाज ॥ ५॥**

यसमा सम्भोग शृङ्गारको  भाव व्यक्त भएको छ । गजलकार लाज नभए शारीरिक सम्बन्धमा समेत मजा नआउने भएकाले शारीरिक सम्बन्धलाई लाजपूर्ण, अर्थपूर्ण र सौन्दर्यपूर्ण बनाउनुपर्ने भाव व्यक्त गर्दछन् । सच्चरित्रकी स्त्रीले सम्भोगमा लाज मान्ने तर असत् चरित्रकी स्त्रीले भने आफ्ना कुकृत्य लुकाउन लाजको नाटक रच्ने र पुरुषलाई फसाउने अनि लाजहीन बनेर सम्पूर्ण गोप्य कुरा पनि पर्दाफास गर्ने भएकाले यसप्रति सचेत रहनुपर्ने गजलकारको धारणा रहेको बुझिन्छ ।

त्यसैले 'मुस्कान' गजल सङ्ग्रहका गजलको पहिलो प्राप्ति र उपलब्धि शृङ्गारिक भाव हो । यसमा प्रेमी र प्रेमिका बीचको मायाजाललाई प्रभावकारी रूपमा पस्कने महत्त्वपूर्ण प्रयास भएको छ । गजलकार पूर्ण रूपमा शृङ्गारिक विषयमा डुबेकाले शृङ्गारिक भाव प्रमुख भावका रूपमा देखा पर्छ ।

### ७.२ देशभक्तिको भाव

देशको उन्नति र प्रगतिका लागि गरिने कार्य देशप्रतिको भक्ति भाव हो । स्वदेशप्रति भक्तिभाव गर्नु राष्ट्रवादी सोच र विचार हो । देशप्रति सच्चा आस्था, भक्ति र विश्वास गर्नु देशभक्ति हो । देशको समृद्धि र विकासको यात्रामा लाग्नु, प्रेरणा र हौसला दिई सद्भाव राख्नु पनि राष्ट्रवादी सोच र चिन्तन नै हो । गोर्खे साइँलाको मुस्कान गजल सङ्ग्रहका गजलमा देशभक्तिको भाव मुखरित भएको छ । यसमा गोर्खेले प्रेमको विषयलाई मात्र प्रस्तुत नगरेर नेपाली माटो, नेपाली भूमि, नेपालीको गौरव र प्रतिष्ठाका विषयमा पनि कलम चलाएका छन् । उनले नेपाली गजल साहित्यलाई साँघुरो घेराबाट मुक्त गर्न चाहेका छन् । आफूभित्र रहेको देशप्रेमको भावलाई गजलका माध्यमबाट प्रस्तुत गर्नु उनका गजलका महत्त्वपूर्ण उपलब्धि मानिन्छन् । प्रेम र वासनामा सीमित रहेको गजल लेखन परम्परामा देशभक्तिको भाव प्रकट गर्ने गजल लेख्नु उनको विशिष्ट प्राप्ति हो । उनका गजलमा पाइने देशभक्तिको भावलाई समेटेका केही महत्त्वपूर्ण उद्धरणलाई क्रमिक रूपमा देखाइन्छ ।

(क) **भरोसामा परेका छन् यि नेपाली नमारीछौ**

**नरोकेछौ नछेकेछौ सधैं यो काख खाली भो ॥ ४० ॥**

**झुकाउनै खोज्यौ तर पनि हारे छौ नि जानेर के**

**जलाई ज्वाला त्यो रन-वन धुवाँ हम्क्यौ नि यो देशमा ॥ ४६ ॥**

**देश यो रुवायौ कि कामिनी**

**राष्ट्र नै झुकायौ कि कामिनी ॥ ५७ ॥**

यसमा देशभक्तिको भावना व्यक्त भएको छ । दशवर्षे जनयुद्धकालीन  गृहयुद्धलाई  मुखरित गर्दै नेपाली जनताको जिउने आस्था कुचँल्दै मृत्युका मुखमा धकेलेर नेपाली आमाको काख रित्याएको  कारुणिक सन्दर्भलाई यहाँ उल्लेख गरिएको छ । जनयुद्धमा नेपालीलाई मारेर कहिल्यै कसैको पनि विजय नहुने र जतिसक्दो छिटो द्वन्द्वको अन्त्य गर्नुपर्ने उद्घोष गरिएको पाइन्छ । देश र जनतालाई रुवाएर देशको गौरव र प्रतिष्ठालाई झुकाउन बाध्य पार्ने हिंसालाई त्याग गर्दै जनताको पक्षमा लाग्न सबैलाई आग्रह पनि यहाँ गरिएको छ । यो देशभक्तिको महत्त्वपूर्ण भाव र सन्देश पनि हो ।

(ख) **विशाल ताल शृङ्खला पहाड हुन कि जङ्गल**

**विदेश हैन देशमा खसेर बस्न सक्छ को ? ॥७६ ॥**

यसमा गोर्खे नेपाली आमाका सच्चा सपुतका रूपमा प्रस्तुत भएका छन् । नेपालीहरूले वीर भावनाको इतिहास रचेर विश्वमै उच्च मूल्याङ्कनमा परेका छन् । देशमा कलह र द्वन्द्व आवश्यक नभएको र नेपालीहरू सुखशान्ति एवम् प्रतिष्ठापूर्वक बाँच्न चाहेको भाव गजलमा प्रभावकारी रूपमा व्यक्त भएको छ ।

**(ग) सखाप पाऱ्यौ ढुकुटी र सम्पत्ति**

**विनाश पारी किन छौर गद्‌गदी ॥६७॥**

यसमा देशको धनसम्पत्ति सिध्याएर पनि कुनै ग्लानि नभएका ब्वाँसाहरूप्रति गजलकारले कटु व्यङ्ग्य हान्दै देशको समृद्धिको कामना व्यक्त गरेका छन् । देशमा भएका वा हुने गरेका कुकृत्यका विरुद्ध भण्डाफोर गर्ने इमान्दारिताका पक्षमा खडा हुन सम्पूर्ण देशवासीलाई सादर अनुरोध पनि गजलकारले गर्न चाहेका छन् ।

**(घ) रक्ताम्ये पाऱ्यो नजानी हितैषी**

**नेपाली माऱ्यो नजानी हितैषी ॥ ५॥**

यसमा गोर्खेले नेपाली नेपालीका बीचमा भइरहेको द्वन्द्व र सङ्घर्षको चित्रण गर्दै त्यसबाट कदापि हित नहुने र देशमात्र कमजोर एवम् अस्तव्यस्त बन्ने भाव मार्मिक रूपमा व्यक्त गरेका छन् । नेपाली नेपालीका बीचमा प्रेम, स्नेह, एवम् सद्‌भाव हुनुपर्नेमा रगतको खोलामा नेपालीहरू डुब्नु परेकामा नेपालीहरूप्रति गहिरो दुःख प्रकट गर्दै द्वन्द्वकालीन तीतो यथार्थलाई झल्काउने प्रयास यसमा भएको छ । यसमा जनताका बीचमा सद्‌भाव हुनुपर्ने, हत्या हिंसा सधैँका लागि सबैले त्याग्नुपर्ने अनि मात्र देशभक्तिको भाव सार्थक बन्न सक्ने सूक्ष्म चित्र कोरिएको छ ।

त्यसैले गोर्खेको मुस्कान गजल सङ्ग्रहका गजलको महत्त्वपूर्ण प्राप्ति देशप्रति भक्तिभाव हो । देशको उन्नति, जनताको प्रगति र समृद्धि देशवासीको उच्च प्राप्ति हो । जनता जनताबीचको समृद्धिको यात्रा, सद्‌भाव, स्नेहको यात्रा नै देशभक्ति हो । गोर्खेले आफ्ना गजलमा देशभक्तिको मर्म र विचारलाई छुने प्रयास गरेका छन् । यो महत्त्वपूर्ण एवं अर्थपूर्ण देशप्रतिको स्नेहको द्योतक हो ।

## ७.३ विकृति र विसङ्गतिप्रति व्यङ्ग्य भाव

गूढार्थ, साङ्केतिक अर्थ र गहिरो अर्थ नै व्यङ्ग्य हो (पोखेल र अन्य ०५०, पृ. १२४६) । जनसमुदाय, जनसङ्ख्या समाज हो । समाजमा हरेक किसिमका विकृति र विसङ्गतिहरू मौलाएका हुन्छन् । ती मौलाएका विकृतिका विरुद्धमा साहित्यिक कलमहरू चल्दछन् । साहित्य साधनका माध्यमबाट पनि सामाजिक विकृति र विसङ्गतिलाई ध्वस्त पार्न सकिन्छ । सामाजिक परिस्थिति र घटनाक्रममा सुधारात्मक सङ्केतका लागि व्यङ्ग्यभाव सहज रूपमा गजलका माध्यमबाट पनि अभिव्यक्त गर्न सकिन्छ । गोर्खेको गजल सङ्ग्रह मुस्कानमा पनि विकृति र विसङ्गतिप्रति व्यङ्ग्य भाव प्रकट भएको पाइन्छ । सामाजिक अस्तव्यस्ततताप्रति तीखो व्यङ्ग्य वाण हानिएको छ । व्यङ्ग्यले समाज सुधारको सकारात्मक मार्गलाई पनि अनुसरण गरेको बुझिन्छ । यसले समाज र जीवनलाई सही दिशातर्फ अग्रसर गराउन पूर्वसङ्केत गरेको छ । सामाजिक विकृतिप्रति, सामाजिक बेथितिप्रति गजलकार धारिलो प्रहार गर्न कटिबद्ध रहेको बुझिन्छ । व्यङ्ग्यमा गोर्खेको निकै प्रौढता झल्किएको छ । उनका गजलमा पाइने सामाजिक विकृति र विसङ्गतिप्रति गरिएको तीखो व्यङ्ग्यभावलाई सहजताका साथ केही महत्त्वपूर्ण उद्धरणलाई क्रमिक रूपमा उल्लेख गरिन्छ ।

**(क) शहर गएछन्**

**बहर भएछन्**

**ती नजर तिम्रा**

**जहर रहेछन् ॥ ७० ॥**

यसमा सामाजिक विकृतिप्रति व्यङ्ग्य भाव व्यक्त गरिएको छ । गाउँमा सरल सहयोगी स्वभाव भएका मान्छे जब शहर पस्दछन् जब पूर्ण परिवर्तन भई आफ्नै गाउँलाई हेलाँ गरेर बहादुरी देखाउँदै साँढे बन्ने प्रवृत्तिप्रति तीतो व्यङ्ग्य यहाँ गरिएको छ । आफ्नो पूर्वयथार्थलाई बिर्सिएर कृत्रिमतातिर लाग्ने मान्छेलाई गोर्खेले यहाँ व्यङ्ग्यवाण हानेका छन् ।

**(ख) कटारी चलायौ तिमीले मलाई**

**कसोरी फकायौ तिमीले मलाई ॥ २८ ॥**

यसमा गजलकारले नारीले पुरुषलाई मायाजालमा फसाएर धोका दिने गरेको यथार्थलाई स्पष्ट पार्न चाहेका छन् । सुरुसुरुमा फकाई फकाई प्रेमबाट मायाको संसारमा फँसाउने र स्वार्थ पूरा भएपछि चटक्कै छाडेर प्रेमीलाई तड्पाउने, माया मार्ने स्त्री चरित्रप्रति गजलकारले कसिलो व्यङ्ग्य हानेका छन् । यो सामाजिक विकृतिप्रतिको व्यङ्ग्यभाव हो ।

**(ग) अगाडी थिचेरै नआऊ म माथि**

**पछाडी किचेरै नजाऊ म माथि ॥४४॥**

यसमा पनि नारीचरित्रमाथि व्यङ्ग्य भाव व्यक्त गरिएको छ । अघिपछि केही पनि नसोची प्रेममा हामफाल्ने, चुर्लुम्म डुब्ने र वास्तविकता बुझेपछि चाहिँ चटक्क माया मारेर टाढिने नारीहरूको स्वार्थी चरित्रप्रति गजलकारले व्यङ्ग्य गरेका छन् । यसले पनि समाजमा विकृति अस्तव्यस्तता ल्याएको बुझिन्छ ।

**(घ) नबोली नबोली अगाडी बढेकी**

**कसैले नरोजी अगाडी बढेकी ॥५९॥**

यसमा पनि समाजमा अस्तित्व कायम गर्न नसक्ने आत्मरतिमै रमाउन चाहने नारीको स्वभाव प्रति गजलकारले व्यङ्ग्य प्रहार गरेका छन् । आफै मै हुँ भनेर सही गन्तव्यलाई पनि पहिचान नगरी हिंड्ने, अरूले तपाईं नभने पनि आफै मपाई हुने, आफै आफ्नो सौन्दर्यको बखान गर्ने, घमण्डी प्रवृत्ति देखाउने नारीहरूको प्रवृत्तिगत विशेषतालाई यहाँ व्यङ्ग्य गरिएको छ । यो हाम्रो समाजमा हुने गरेको एउटा विकृति हो । यसलाई पूर्ण रूपमा निर्मूल पार्नु जरुरी ठानिन्छ ।

समाज विकृति र विसङ्गतिको भण्डार हो । यसमा हरेक मान्छे र मान्छेको हरेक स्वभाव प्रकट भएको हुन्छ । मान्छेमा हुने वा देखिने खराब भावनालाई हटाई असल सोचको विकासका लागि गोर्खेका गजल महत्त्वपूर्ण छन् । सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै समाज सुधारको चाहना अभिव्यक्त गर्नु यस गजलको विशिष्ट प्राप्ति हो । यसमा व्यङ्ग्यको मात्रा गुणात्मक रूपमा घनीभूत बनेको छ ।

**७.४ जीवन भोगाइका भाव**

जन्म भएदेखि मृत्यु भएसम्मको समय र अवस्था जीवन हो । शरीरमा प्राणतत्त्व रहेको परिस्थिति प्राणवान् अवस्था नै जीजन हो । (सिग्द्याल, ०२८, पृ.८०) । यसलाई सही तरिकाले चलाउने काम वा जीवन भोगाइका वास्तविक मर्म नै यथार्थ जीवन हो । जीवनमा आउने दुःखसुख र उकालीओरालीका वास्तविकता नै जीवन भोगाइको महत्त्वपूर्ण भाव पनि हो । गोर्खेका गजलमा जीवन भोगाइका तीतामीठा अनुभवहरू

प्रभावकारी रूपमा व्यक्त भएका छन् । जीवनमा आएका संघर्षपूर्ण क्षण र उतावचढावलाई मार्मिक रूपमा यहाँ पस्कने काम भएको पाइन्छ । जीवनमा वास्तविक यथार्थलाई आत्मसात गर्दै आत्मानुभूतिलाई सहज रूपमा पोख्नु जीवन भोगाइका महत्त्वपूर्ण भाव हुन् । उनका गजलमा देखा परेका जीवन भोगाइका घतलाग्दा पक्षका केही नमूनालाई क्रमिक रूपमा प्रस्तुत गर्नु उपयुक्त ठानिन्छ ।

**(क) छ माया कसैको नढाँटी बताऊ**

**न पारी बिलौना नआँटी बताऊ ।**

**लुकाई छिपाई दिवाना बनायौ**

**सफाई दिनेले न छाँटी बताऊ ॥७५॥**

गजलकारले प्रस्तुत गजलमा प्रेमिकालाई प्रेमीले वास्तविकता सोधेका छन् । तिम्रो अरू कसैसँग प्रेम छ कि छैन ? भन्ने स्पष्ट हुन चाहेका छन् । छलकपटको परिणाम प्रेमप्रसङ्गमा राम्रो नहुने भएकाले वास्तविकता बताउन आग्रह गर्दै प्रेमीले जीवन भोगाइको सन्दर्भलाई उठान गरेका छन् । जीवन भोग गर्न नारी र पुरुषलाई एकै रथका दुईवटा पाङ्ग्राका रूपमा समेत परिकल्पना गर्दै एक अर्कामा प्रेम सम्बन्धका साथ जिउने सोच यसमा मुखरित भएको छ ।

**(ख) प्यारमै हेलिएँ**

**हारमै जेलिएँ**

**काखमै राख है**

**प्रीतमै पेलिए ॥६३॥**

यसमा गजलकारले प्रेमकै लागि जीवन जिउने गरेको वास्तविकतालाई खुलस्त पारेका छन् । आफू प्रेम मै समर्पित भएको भावना पोखेका छन् । आफू प्रेम कै लागि जीवन बाँचेको अनुभव गरेका छन् । माया र प्रेमले आफूलाई पूर्ण रूपमा सताएको जीवन भोगाइको वास्तविक यथार्थलाई अभिव्यक्त गरेका छन् । म प्यार मै हेलिएको छु, हारमै जेलिएको छु, काखमै बसेर माया र प्रेमको अपेक्षा गरेको छु भन्ने जीवन भोगाइका भावलाई गोर्खेले प्रस्तुत गजलमा व्यक्त गरेकाले पनि गजल सार्थक छ ।

**(ग) चिनाजान मेरो भयो शून्यतामा**

**सवैथोक मेरो गयो शून्यतामा**

**मलाई त तिर्खा थियो निष्ठुरीको**

**सगाई नहुँदै छल्यो शून्यतामा ॥६२॥**

यसमा प्रेमीप्रेमिकाहरू शून्यतामा रमाउन चाहने जीवन भोगाइको गम्भीर भावलाई व्यक्त गर्न खोजिएको छ । प्रेमी प्रेमिकाहरू शून्यतामा रमाउँछन् अनि शून्यतामै जीवनका क्षणहरू भोग्न चाहन्छन् । सांसारिक तीतोमीठोपनलाई त्यागेर एकान्तमा युगौंयुगसम्म बाँच्ने सपना उनीहरूले बुनिरहने भाव यसमा देखिन्छ । प्रेम साट्ने स्थान पनि शून्यतालाई रोज्ने परिस्थितिको उजागर पनि यहाँ गरिएको छ । जीवन भोगाइका वास्तविकतालाई सही रूपमा यहाँ मुखरित भएको देखिन्छ ।

**(घ) अल्पायु मै छोड्यो बाबा**

**व्यर्थै पीडा जोड्यौ बाबा ।**

**यो धर्तीको सामू आई**

**प्यारो नाता तोड्यौ बाबा ॥७॥**

यसमा जीवन भोगाइको पीडाको आवेगलाई गजलकारले मार्मिक ढङ्गले पोखेका छन् । आँसुले भिजेका अक्षरलाई यहाँ उत्तार्ने प्रयास गरेका छन् । बाबाले अल्पायुमै छोडेर गएकाले दुःख र पीडा पाएको जसले गर्दा जीवन भोगाइमा समेत नकारात्मक परिस्थिति आएको कारुणिक व्यथालाई यहाँ प्रस्तुत गरिएको छ ।

जीवन क्षणिक रहेको र क्षणिक जीवनलाई सार्थक र प्रभावकारी बनाउन सबैको चासो र अग्रसरता हुनुपर्ने कुरा यहाँ व्यक्त गर्न खोजिएको छ । जीवनमा त्यसलाई बुझेर सही बाटोतर्फ उन्मुख हुन आग्रह पनि गरिएको छ । जिउने कला साँच्चै मूल्यवान् छ । जीवनलाई असल गोरेटोतर्फ लानु जीवनको सफलता हो । यहाँ जीवन भोगाइका सफलता र असफलताका बिषयलाई उजागर गरी निश्चित चिन्तन र दार्शनिक धरातललाई पनि चुम्न खोजेको बुझिन्छ ।

**७.५ आलङ्कारिक भाव**

काव्य साहित्यको आभूषण एवं सौन्दर्य प्रकट गर्ने गहना अलङ्कार हो । (दाहाल, ०७३, पृ.३१) । यसलाई काव्यको वैकल्पिक तत्त्व पनि मानिन्छ । गजल आफैमा सुन्दर विधा हो । त्यसलाई अझ सुन्दर बनाउन, आकर्षक र सजिसजावटपूर्ण बनाउन आलङ्कारिक भावको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । 'गोर्खे' को 'मुस्कान' गजलसङ्ग्रह भित्रका गजलले आलङ्कारिक उच्च भाव र मर्मलाई प्रकट गरेको छ । अलङ्कार प्रयोगले पनि गजलका हरफलाई आकर्षक पारेको छ । उनका गजलमा देखापरेका केही महत्त्वपूर्ण आलङ्कारिक भावलाई क्रमिक रूपमा प्रस्तुत गरिन्छ ।

**(क) मन मोहिनीको जब प्यास बढ्यो**

**रसिलो छ पहर तब हुन्छ गजल ॥१५॥**

यसमा रूपक अलङ्कार व्यक्त भएको छ । एउटा पदार्थको अर्को पदार्थसँग अभेद आरोप देखाउनु, उपमान र उपमेयका बीच तादात्म्य सम्बन्ध देखाउने अलङ्कार रूपक हो (निरौला, ०६४, पृ. ५०) । यहाँ गजललाई मनमोहिनीका रूपमा अभेद आरोप गरेकाले रूपकको आलङ्कारिक भाव प्रकट भएको छ । यसबाट गजलमा रसिलो आलङ्कारिक भाव हुने कुरा स्पष्ट देखिन्छ ।

**(ख) नयनबाट आँसू कि रक्तै बगायौ**

**पिता नै छुटायौ कसरी नि देवा ॥३२॥**

**नजानेरै भुलायौ की पुरानो प्यारको बाटो**

**गलापोते छिटै माग्यौ कतै जाने बहानामा ॥३३॥**

प्रस्तुत हरफहरूमा उत्प्रेक्षा नामक आलङ्कारिक भाव व्यक्त भएको छ । प्रस्तुत वस्तुमा अप्रस्तुत वस्तुको सम्भावना देखिदा उत्प्रेक्षा अलङ्कार हुन्छ । यसमा परस्परमा भिन्न भएर पनि उपमेय नै उपमान हो कि भन्ने सम्भावना देखिन्छ । (दाहाल, ०७३, पृ.८०) । यहाँ गजलका शेरहरूमा गलापोते माग्नुलाई प्रेममा

विश्वासको सम्बन्ध बिर्सिएको हो कि भन्ने शङ्का, आँखाका आँसुलाई रगतै हो कि भन्ने शङ्काले सम्भावनाका सूचनालाई आत्मसात् गरेकाले उत्प्रेक्षाको आलङ्कारिक भाव स्पष्ट रूपमा देख्न सकिन्छ ।

**(ग) गजलको भावमा डुब्दै तराना झैं घुमेको छु**

**कता लागे भनी मोती दिवाना झैं घुमेको छु ॥३७॥**

**खेतको धान झैं फल्छ रे प्रेयसी**

**प्यारको जिन्दगी डालिमा माधुरी ॥३९॥**

माथिका गजलका पङ्क्तिमा उपमाको आलङ्कारिक भाव अभिव्यक्त भएको छ । कुनै दुई पदार्थका बीचमा तुलना, समानता एवं दाँज्ने काम नै उपमा हो (उपाध्याय, ०४८ पृ. ५१) । उपमेय र उपमान धर्मको समानतामा केन्द्रित हुनु यसको मुख्य विशेषता पनि हो । यहाँ प्रेममा लट्ठिएको प्रेमीले प्रेमको चरम अवस्थामा पुगी दिवाना बनी घुमेको अवस्थासँग आफू बेहोसिएको र मोतीको खोजीमा हिँडेको अवस्थालाई तुलना गरिएको देखिन्छ । जसरी धानका सुन्दर बोटहरूले लहलह धानका बालाहरू फलाउँछन् त्यसरी नै प्यार गर्नेहरूले जिन्दगीरूपी बोटमा माधुर्यरूपी फललाई फलाउने कुरा व्यक्त भएकाले उपमाको आलङ्कारिक भाव देखिन्छ । यसबाट अन्नबालीको महत्त्व, जिन्दगीको महत्त्व एवं माया प्रेमको महत्त्व पनि उजागर भएको बुझिन्छ ।

**(घ) नबोली नबोली अगाडी बढेकी**

**कसैले नरोजी अगाडी बढेकी ॥२९॥**

माथिका पङ्क्तिमा काव्यलिङ्ग नामक आलङ्कारिक भाव व्यक्त भएको छ । काव्यको कारणबाट हुने अलङ्कार काव्यलिङ्ग हो (दाहाल, ०७३, पृ.७०) र काव्यमा हेतुको विधान नै काव्यालङ्कार हो । यहाँ स्त्री पात्रलाई कसैले पनि नरोज्नुको कारण नबोली नबोली अगाडि बढ्नु वा घमण्डीपन देखिनु भन्ने बुझिन्छ । त्यसैले नवोल्नुको कारण नै नरोजिनु हो । यसबाट स्त्रीमा घमण्डीपन हुनुहुँदैन भन्ने विचार प्रकट भएको बुझिन्छ ।

अलङ्कार काव्यको आभूषण हो । यो गजललाई सौन्दर्यपूर्ण बनाउने माध्यम हो । आलङ्कारिक चमत्कारले गजललाई ओतप्रोत पार्नु स्वाभाविकै हो । गजलमा आफै सौन्दर्य उत्पन्न हुन्छ । अझ आलङ्कारिक भावले सुनमा सुगन्ध थप्ने महत्त्वपूर्ण कार्य गरेको पाइन्छ । गोर्खेको 'मुस्कान' गजल सङ्ग्रहभित्रका गजलमा पनि अलङ्कारको सहज र स्वाभाविक प्रयोग देखिन्छ । आलङ्कारिक भावले काव्यिक मर्मलाई अझ खुलस्त पार्ने काम गर्दछ । त्यसैले 'मुस्कान' को महत्त्वपूर्ण प्राप्ति आलङ्कारिक भाव हो ।

## ८. भावगत प्राप्ति र उपलब्धि

गजलको मुटु नै भाव हो । हृदयको भित्री चिन्तन र चेतना भाव हो । भावले नै काव्यिक मर्म र उद्देश्यलाई स्पष्ट पार्ने काम गर्दछ । भावविनाको गजल कल्पना पनि गर्न सकिदैन । हृदयबाट प्रकट हुने स्वतःस्फुर्त वस्तु भाव भएकाले काव्यमा यसको सौन्दर्यपूर्ण चमत्कार पाइन्छ । गोर्खे साइँलाको गजल सङ्ग्रह 'मुस्कान' मा भावहरूको परिपाक देखिन्छ । यसले भावहरूको लहर नै ल्याएको बुझिन्छ । कतै शृङ्गारिकताको भाव छ भने कतै देशभक्तिको भाव अभिव्यक्त भएको छ । समाजमा व्याप्त विसङ्गतिप्रति तीखो व्यङ्ग्यभाव पनि गजलमा छताछुल्ल बगेको छ । जीवन भोगाइका विविध पाटाले पनि विभिन्न भावलाई स्विकारेको अवस्था देखिन्छ । रूपक, उत्प्रेक्षा, काव्यलिङ्ग, उपमाजस्ता अलङ्कारले पनि गजलको वास्तविक आलङ्कारिक भावलाई मुखरित पारेको छ । भावहरूको परिकल्पना र परिपाक यसको महत्त्वपूर्ण उपलब्धि र प्राप्ति पनि हो । भावको

अर्थपूर्ण गहिराइ र योजनाले नै 'मुस्कान' लाई वास्तविक मुस्कानमा परिणत गरेको छ । गजलका प्रत्येक हरफमा कुनै न कुनै भावको शृङ्खला देखिन्छ । सम्पूर्ण गजल नै भावमय बनेको छ । महत्त्वपूर्ण गहिराइ र योजनाले नै 'मुस्कान' लाई वास्तविक मुस्कानमा परिणत गरेको छ । गजलका प्रत्येक हरफमा कुनै न कुनै भावको शृङ्खला देखिन्छ । सम्पूर्ण गजल नै भावमय बनेको छ । महत्त्वपूर्ण सन्देश र मर्मले पनि भाव विधानको सहज अवस्थालाई प्राप्त गरेको छ । त्यसैले गोर्खेको 'मुस्कान' गजल सङ्ग्रहका गजलले भावगत प्राप्ति र उपलब्धिलाई पाएको कुरा स्पष्ट देखिन्छ ।

गोर्खेको 'मुस्कान' भावप्रधान गजल हो । भावको गहिराइ यसको मुख्य प्राप्ति हो । उनले जीवनभोगाइका आँसुले अक्षरलाई यहाँ उतारेका छन् । कतिपय पारिवारिक पीडालाई जीवन भोगाइका सन्दर्भमा व्यक्त गरेका छन् । जीवनमा आएका निराशावादी विचारलाई पनि प्रभावकारी रूपमा पोखेका छन् । प्रेमीप्रेमीका शून्यतामा रमाउन चाहने जीवन भोगाइकै गम्भीर मर्मलाई उजागर गरेका छन् । उनीहरू शून्यतामा रमाउने र शून्यतामै जीवनका क्षणलाई भोग्ने गरेको यथार्थलाई प्रकट गरेका छन् । माया प्रेम गर्ने जीन्दगीरूपी बोटमा माधुर्यरूपी फललाई फलाउने कुरा व्यक्त गरेका छन् । नारीले पुरुषलाई र पुरुषले नारीलाई मायाजालमा फसाएर धोका दिने गरेको यथार्थलाई  व्यङग्यभावका रूपमा यहाँ उल्लेख गरिएको छ । सुरुसुरुमा फकाईफुलाई प्रेमबाट मायाको संसारमा फसाउने र स्वार्थ पूरा भएपछि चटक्कै छोडेर प्रेमीलाई तड्पाउने स्त्रीको चरित्रप्रति कठोर भएर प्रस्तुत भएका छन् । नारीप्रति व्यङ्ग्यभाव व्यक्त गर्ने क्रममा नारीले अघिपछि केही नसोच्ने सहजै प्रेममा हामफाल्ने चुर्लम्म डुब्ने अनि वास्तविकता बुझ्ेपछि चाहिँ चटक्क माया मारेर टाढिने गरेको तीतो यथार्थलाई उजागर गरेका छन् । समाजमा अधिक मान्छेमा हुने गरेको दहीचिउरे प्रवृत्तिलाई पनि गोर्खेले व्यङ्ग्यभावका रूपमा पोखेका छन् । 'जता मल्खु उतै ढल्कु' भन्ने नेपाली लोकोक्तिलाई पनि सार्थक पारेका छन् । भविष्यमा हुने सही परिणामको मूल्याङ्कन नगरी मान्छे मीठो स्वादमा रमाउने गर्छ । स्वार्थवादी खराब नियतका कारण समाजमा विकृति मौलाएको र त्यसको निदानका लागि सबै एकजुट हुनुपर्ने धारणा पनि यसको भावगत उपलब्धि नै हो । देशभक्तिको भाव व्यक्त गर्ने सन्दर्भमा गोर्खेले आफ्नो गजलमा दश वर्ष जनयुद्धकालीन गृहयुद्धले नेपाली जनताको जिउने आस्थालाई कुल्चिएको र नेपाली सुन्दर आमाको काख रित्याएको यथार्थ परिस्थितिलाई उनले उल्लेख गरेका छन् । युद्धले कसैको पनि विजय नहुने र जतिसक्दो चाँडो द्वन्द्वको अन्त्य गर्नुपर्ने मार्मिक भाव पनि गजलमा प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । उनले आन्तरिक द्वन्द्वले देश कमजोर हुने र जनताका बीचको सम्बन्ध पनि सुमधुर हुन नसक्ने कुरा उल्लेख गरेको देखिन्छ ।

भाव गजलको मुख्य पक्ष हो । गोर्खेले आफ्नो गजल 'मुस्कान'लाई भावले भरिभराउ पार्ने ठूलो प्रयत्न गरेको बुझिन्छ । हरेक विषय र सन्दर्भबाट उनले भावलाई निचोर्ने कोसिस गरेका छन् । शृङ्गारिक  चिन्तन, राष्ट्रिय गान, विकृतिको चित्रण, जीवन भोगाइका अनुभव र अलङ्कारको अर्थपूर्ण प्रयोगले गजल भावमय बनेको बुझिन्छ । भावको सौन्दर्यपूर्ण प्रभावबाट पूर्ण रूपमा प्रभावित भएकाले गोर्खे र उनको गजलसङ्ग्रह  'मुस्कान' मा भावगत प्राप्ति र उपलब्धि सार्थक बनेको छ ।

## ९. निष्कर्ष/उपसंहार

गजल नेपाली साहित्यको पछिल्लो समयमा बहुचर्चित विधाका रूपमा आएको छ । प्रेमको विषयलाई आत्मसात् गरेर लेखिने यसले पछिल्लो समयमा विविध विकृति र विसङ्गतिप्रति पनि भण्डाफोर गरेको पाइन्छ । सामाजिक अस्तव्यस्ततताप्रति तीखो व्यङ्ग्य पनि यसको प्रतिपाद्य विषय बनेको छ (पाण्डेय, ०६३, पृ.८०) । अन्य विधाका तुलनामा यो विधा बढी प्राविधिक विधाका रूपमा आएको छ । मितव्ययी शैली र गेयात्मकता यसको महत्त्वपूर्ण सौन्दर्य बनेको छ । गोर्खे साइँलोको विधि भावले ओतप्रोत  भएको चर्चित गजल सङ्ग्रह 'मुस्कान'

(२०६२) प्रभावकारी गजल सङ्ग्रह मानिन्छ । यसमा प्रीतिको विषय मात्र नभएर देशभक्तिको भावना मुखरित भएको छ । समाजमा हरेक प्रवृत्तिका समस्या, जटिलता एवं अस्तव्यस्तता रहेका हुन्छन् । सामाजिक मर्म र चिन्तनलाई पनि यसले उजागर गरेको छ । विकृति र विसङ्गति प्रति तीखो व्यङ्ग्य गर्नु पनि यसको प्राप्ति हो । जीवनका तीता र मीठा अनुभवलाई पनि यसले प्रभावकारी ढङ्गले पस्कने महत्त्वपूर्ण प्रयास गरेको छ । जीवन भोगाइका हरेक पाटालाई उपदेशात्मकताका दृष्टिले पनि प्रस्तुत गरेको छ । काव्यमा सौन्दर्य वृद्धि गर्ने महत्त्वपूर्ण साधन अलङ्कार हो । आलङ्कारिक भावले पनि यसलाई रङ्गीचङ्गी पारेको छ । मानवीय गुण, स्वभाव र मर्मलाई पनि मुटु छुने गरी मार्मिक रूपमा प्रस्तुत गरिएको छ । भाषिक नियमको परिधिभित्र रही सौन्दर्यपूर्ण भाषाको उपयोगले पनि विषयवस्तु सूक्ष्म रूपमा प्रकट भएको बुझिन्छ । कोमलता र सुन्दरतासँग गजलको प्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ (न्यौपाने, ०६४, पृ. ३४) । उक्ति वैचित्र्य, प्रतीकात्मकता, अनुभूतिको गहनता, लौकिक प्रेम जीवनप्रतिको भोगाइ मात्र यसका विशिष्ट पहिचान हुन् । यसले नेपाली गजलमा आफ्नै मौलिकतालाई घोलेर नेपाली बाटोको वास्तविकतालाई समेत उजागर गरेको छ । गजल स्वभावतः शब्दगत र अर्थगत कोमलताको प्रतीक हो । यसमा व्यङ्ग्यका हरेक गालीगलौजलाई पनि मृदुभाषाकै माध्यमबाट नै प्रस्तुत गरिएको छ । यसमा प्रयुक्त बिम्ब, प्रतीक, व्यङ्ग्यभावले पनि सजिलै फुक्ने सुर्केनीजस्तो बनेको छ । सुर्केनी खोल्न ज्यादा परिश्रम गर्नुनपर्ने हुनु यसको विशिष्ट प्राप्ति र उपलब्धि पनि हो (आमोदी, ०६३, पृ. ३८) । यसमा पञ्चचामर, छन्द, वीर र रौद्रजस्ता रसधर्मी पक्ष र भुजङ्गप्रयात छन्दको पनि प्रभावकारी योजना देखिन्छ । गजलको शब्दचयन सार्थक र औचित्यपूर्ण मानिन्छ । त्यसैले गोर्खेको 'मुस्कान' नेपाली गजल साहित्यमा साँच्चै मुस्कुराइरहेको छ । भावको उच्च परिपाक र शैलीगत माधुर्यले गजललाई विशिष्ट बनाएको छ । बहरको सूत्र समेत प्रस्तुत गरिएको नेपालकै पहिलो गजल सङ्ग्रहका रूपमा 'मुस्कान' मुस्कुराएको पाइन्छ ।

गोर्खेको 'मुस्कान' शृङ्गारको अभिव्यक्ति हो, राष्ट्रियता र देशभक्तिको गाथा हो, सामाजिक विकृति र विसङ्गगतिको सही विश्लेषण हो, जीवन भोगाइका हरेक क्षणको कटुसत्य अभिव्यक्ति हो । घुमाउरो पाराको कसिलो र चोटिलो अर्थपूर्ण अभिव्यक्तिगत सार पनि हो । समस्या कथनका मुख्य समस्याको खोज गरी नवीन ज्ञान र नयाँ सार प्रदान गर्नँ यसको उल्लेख्य उपलब्धि हो । भावको तात्पर्यलाई छर्लङ्ग पारेर त्यही साँचोमा विषयलाई ढाल्नु विशिष्ट प्राप्ति हो । समाजलाई सही रूपमा सञ्चालन गर्ने बनाउन भावमूलक व्यङ्ग्यबाट गजलले एउटा छुट्टै आकार ग्रहण गर्नु यसको विशेष योगदान र पहिचान हो । समाज सुधारका सूक्ष्म विचार र धारणाले पनि यसको भावविधान ओजपूर्ण, सार्थक र औचित्यपूर्ण बनेको छ । वस्तुतः भावको परिपाक, संयोजन र यथार्थ नै मुस्कानको मुख्य प्राप्ति हो भन्न सकिन्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०५६), *पूर्वीय समालोचना सिद्धान्त (छै.सं.),* ललितपुर : साझा प्रकाशन ।

आमोदी, केशवराज (२०६३), *गोर्खेको मुस्कान र बहरको चर्चा,* नवमाधुरी, वर्ष-२, अङ्क-२, पर्वत : माधुरी साहित्य प्रतिष्ठान, पृ. ३८ ।

उपाध्याय, केशवप्रसाद (२०४८), *पूर्वीय साहित्य सिद्धान्त (दो.सं.),* ललितपुरः साझा प्रकाशन ।

उदासी, टीकाराम (२०५९),*गजल सिद्धान्त र नेपाली गजलको इतिहास,* दाङ अतिरिक्त प्रकाशन ।

जयदेव (ई.१९९५), *चन्द्रालोक (टीकाकारः जयकृष्णदास-हरिदास गुप्त),* वाराणसीः चौखम्बा संस्कृत सिरिज अफिस ।

थापा, हिमांशु (२०४७), *'साहित्य परिचय (ते.सं.)',* ललितपुरः साझा प्रकाशन ।

दाहाल, घनश्याम (२०७३), *हिमवत्खण्ड महाकाव्यमा अलङ्कारयोजना,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, दाङः नेपाल संस्कृत विश्वविद्यालय ।

निरौला, लेखप्रसाद (२०६४), *माधव घिमिरेका खण्डकाव्यमा अलङ्कार योजना,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, दाङ : नेपाल संस्कृत विश्वविद्यालय ।

नेपाल, टीकाराम (२०६६), *मुस्कान गजल सङ्ग्रहको कृतिपरक अध्ययन,* अप्रकाशित स्नातक शोधपत्र, धरानः पिण्डेश्वर विद्यापीठ ।

नेपाल, टीकाराम (२०६६), *नेपाली गजल र गोर्खेको मुस्कान,* अनेरास्ववियू समाचार, असोज कार्तिक अङ्क, सुनसरी : अनेरास्ववियू जि.क. ।

नेपाल, देवी र अन्य (२०६६), *गजल कसरी लेख्ने ?,* काठमाण्डौः अनाम मण्डली ।

न्यौपाने, घनश्याम परिश्रमी (२०६४), *गजल परिचय र नेपाली गजल बिकासक्रमको संक्षिप्त,* अभिलेख, कार्यक्रम, बाग्लुङः गजल उत्सव समिति ।

पन्थी, देवी (२०५९), *गजल, सिद्धान्त र समालेचना,* विराटनगरः वाङ्मय प्रकाशन ।

पाण्डेय, थानेश्वर (२०६३), *गजल संरचना र विश्लेषण,* कुञ्जिनी, वर्ष-१३, अङ्क-११, साहित्यकुञ्ज, कीर्तिपुरः नेपाली केन्द्रीय विभाग, पृ. ८० ।

पोखेल, बालकृष्ण र अन्य (२०४०) *(सम्पा),* नेपाली वृहत शब्दकोश, काठमाण्डौः ने.रा.प्र.प्र. ।

बराल, कृष्णहरि (२०६४), *गजल सिद्धान्त र परम्परा,* ललितपुरः साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाण्डौः रत्न पुस्तक भण्डार ।

भट्टराई, गोविन्दप्रसाद (२०३१), *पूर्वीय काव्य सिद्धान्त,* काठमाण्डौः ने.रा.प्र.प्र. ।

भण्डारी, पारसमणि (२०७५),*अनुसन्धान विधि,* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

रिसाल, राममणि (२०५८), *नेपाली काव्य र कवि (पा.स.),* ललितपुरः साझा प्रकाशन ।

शर्मा, बालचन्द्र (२०१९), *नेपाली शब्दकोश,* काठमाण्डौः रोयल नेपाल एकेडेमी ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५५), *शोध विधि (दो.सं.),* ललितपुर : साझा प्रकाशन ।

साइँलो, गोर्खे (२०६२), *मुस्कान* गजल सङ्ग्रह, चितवन : पल्लव साहित्य विविध ।

सिग्द्याल, सोमनाथ (२०२८), *साहित्य प्रदीप (दो.सं.),* विराटनगर : पुस्तक संसार ।